# कृषि तथा वनविज्ञान विश्वविद्यालय

## सेवा आयोगको कार्यालय

## रामपुर, चितवन ।

### सह-प्राध्यापक पदको आन्तरिक विज्ञापन सम्बन्धी सूचना ।

कृषि तथा वनविज्ञान विश्वविद्यालय कृषि संकाय अर्न्तगत सह-प्रध्यापक पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ती गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरूबाट मिति २०७५ पुष २० गतेदेखि २०७५ माघ २४ गते बिहिबार रातको १२ बजेसम्म (दोब्बर दस्तुर तिरेर २०७५ फाल्गुण २ गते बिहिबार रातको १२ बजेसम्म) सेवा आयोगको अनलाइन पोर्टल **sc.afu.edu.np** मा गई फर्म भर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन । आवेदकले कृषि तथा वनविज्ञान विश्वविद्यालयको राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १४२०००००१५०६ मा आवेदन दस्तुर जम्मा गरेको सक्कल भौंचर स्क्यान गरी अनलाइनमा नियमानुसार भर्नुपर्नेछ ।

**अनलाइनमा पठाउनुपर्ने कागजातहरू :**

१. भरिएको फर्मको स्क्यान कपी ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान कपी ।
३. फोटो (हालसालै खिचिएको पासपोर्ट साइजको)
४. बैंक भौचरको स्क्यान कपी ।
५. बायोडाटा - (पिडिएफ वा वर्ड फाइल)
६. प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू (अगाडि नै देखिने गरी प्रमाणित गरेको)
७. नेपाल बाहिरका विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधि (श्रेणी र विषय समेत खुलेको) लाई कृषि तथा वनविज्ञान विश्वविद्यालय वा त्रिविको पाठ्यक्रम विकास केन्द्रबाट स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि ।
८, अनुभवको प्रमाण पत्र : अस्थायी, करार, स्थायी नियुक्ति, सरूवा, बढुवा आदिको स्पष्ट विवरण खुलाई सम्बन्धित निकायबाट सेवा प्रमाणित पत्रको प्रतिलिपि ।

(क). पद : सह- प्राध्यापक

- आवेदन दस्तुर :- १७५०- (सत्रसय पचास मात्र)

(ख) प्रतियोगिताको किसिम : अर्न्तवार्ता (अन्तर्वार्ताको मिति पछि प्रकाशित गरिनेछ)

**पद : सह-प्राध्यापक** **संकाय: कृषि**

| क्र.स | विज्ञापन नम्बर | विषय | पद |
|---|---|---|---|
| १ | २/०७५/०७६ | कृषि अर्थशास्त्र | १ |

## आवश्यक न्यूनत्तम योग्यता :

मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आवश्यक न्यूनतम शैक्षिक योग्यता ( सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण) पूरा गरी उप-प्राध्यापक पदमा स्थायी भई कम्तीमा ५ बर्ष काम गरेको अनुभव प्राप्त तथा सम्बन्धित विषयको peer reviewed refered journal मा प्रथम लेखक भई कम्तीमा २(दुई) वटा अनुसन्धनात्मक लेख प्रकाशित गरेको ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री र पिएचडी प्राप्त तथा क्याम्पस/ महाविद्यालयमा कम्तीमा ८ बर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री र पिएच.डी प्राप्त तथा क्याम्पस महाविद्यालयमा कम्तीमा १० बर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा प्रथम श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/ महाविद्यालयमा कम्तीमा ११ बर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

अथवा

सम्बन्धित विषयमा द्वितीय श्रेणीमा माष्टर डिग्री प्राप्त तथा क्याम्पस/ महाविद्यालयमा कम्तीमा १३ बर्ष पढाएको अनुभव प्राप्त एवम् हाल उपप्रध्यापक पदमा कार्यरत ।

*पुनश्चः आवेदन फारममा उल्लेख गरिएका लेख, रचना, अनुसन्धान प्रतिवेदन तथा पुस्तकहरूको सक्कल कपी सम्पर्क मितिमा सेवा आयोगको कार्यालयमा बुझाउनुपर्नेछ । अन्य आवश्यक जानकारी विश्वविद्यालयको वेभसाइट* **www.afu.edu.np/service-commission** *बाट प्राप्त हुनेछन् ।*